नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय,
# बाँके

## बाँके जिल्लाका रात्रिकालीन/पूर्ण समयमा होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१

### जिल्ला सुरक्षा समिति, बाँके

(स्वीकृत मिति: २०८१।०४।१८)

# बाँके जिल्लामा रात्रिकालीन/पूर्ण समयमा होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१

**प्रस्तावनाः** बाँके जिल्लामा रात्रिकालीन होटल तथा मनोरञ्जनात्मक व्यवसायलाई समय सान्दर्भिक रूपमा व्यवस्थित तथा मर्यादित व्यवसायको रूपमा विकास गर्दै व्यवसायसँग अन्तरसम्बन्धित क्रियाकलाप र संलग्न हुने सञ्चालक, श्रमजीवी, कर्मचारी तथा कामदार, सेवाग्राहीका साथै सरोकारवाला निकायको भूमिका एवम् कार्यलाई मापदण्ड निर्धारण गरी व्यवस्थित एवम् जिम्मेवार बनाउन व्यवसायको अनुगमन तथा नियमन गर्न वाञ्छनीय भएकोले, गृह मन्त्रालयको पूर्ण समयमा व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७९ को अधीनमा रही जिल्ला सुरक्षा समिति, बाँकेले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम प्रारम्भ र विस्तार :** (१) यस मापदण्डको नाम "बाँके जिल्लामा रात्रिकालीन/ पूर्णकालीन होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड जिल्ला सुरक्षा समिति, बाँकेबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

(३) यो मापदण्ड नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाभित्रपर्ने सबै क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

क. "कार्यस्थल" भन्नाले यस मापदण्डमा उल्लिखित व्यवसाय गर्ने स्थललाई सम्झनुपर्छ।

ख. "व्यवसाय" भन्नाले होटल, रेष्टुरेन्ट, स्पा, क्लव, लाउन्ज, डान्स रेष्टुरेन्ट, बार, दोहोरी, लाइभ व्याण्ड, पव, डिस्कोथेक, मदिरा विक्री पसल, पान पसल र यस्तै प्रकृतिका पूर्ण समयमा सञ्चालन हुने व्यवसाय सम्झनुपर्छ।

ग. "व्यवसायी" भन्नाले यस मापदण्ड अनुसारको व्यवसाय गर्ने व्यक्ति वा कम्पनी सम्झनुपर्छ।

घ. "स्थानीय प्रशासन" भन्नाले जिल्ला प्रशासन कार्यालय, बाँकेलाई सम्झनुपर्छ।

ङ. "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन समिति सम्झनुपर्छ।

च. "सेवाग्राही" भन्नाले यस मापदण्डमा उल्लिखित व्यवसायबाट सेवाप्राप्त गर्ने उद्देश्यले आउने व्यक्तिलाई सम्झनुपर्छ।

छ. स्पा" भन्नाले शुल्क लिई वा नलिई मालिस सेवा प्रदान गर्ने स्थललाई सम्झनुपर्छ र सो शब्दले रेष्टुरेन्टहरुले प्रदान गर्ने गरेको मसाज सेवालाई समेत जनाउँछ।

ज. "श्रमजीवी" भन्नाले पारिश्रमिक लिई वा नलिई पूरा वा आंशिक समयमा होटल, रेष्टुरेन्ट, स्पा जस्ता रात्रिकालीन मनोरञ्जनात्मक व्यवसायमा काम गर्ने कर्मचारी तथा कामदारलाई जनाउँछ।

३. **व्यवसाय दर्ता भएको हुनुपर्नेः** (१) व्यवसायीले सेवाको प्रकृति अनुसार प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा दर्ता गरी व्यवसाय सञ्चालन अनुमति लिएको, नवीकरण गरेको र नियमानुसार कर तिरेर मात्र सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यवसायीले अनुमति प्राप्त गरेको व्यवसायिक उद्देश्य बाहेकका अन्य व्यवसाय वा सेवा सञ्चालन गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम व्यवसाय सञ्चालन गर्ने व्यवसायीले प्रचलित कानूनले तोकेका कार्यका अतिरिक्त देहायका विषयहरु परिपालना गर्नुपर्नेछः-

क. व्यवसाय सम्बन्धित निकायमा तोकिएको समयमा नियमानुसार नवीकरण गर्ने,

ख. प्रचलित कानून बमोजिम व्यवसायको स्थायी लेखा नम्बर / मु.अ.करमा दर्ता गर्ने,

ग. प्रचलित कानून बमोजिम लाग्ने कर तथा राजस्व तोकिएको समयमा बुझाउने,

घ. प्रचलित कानूनलाई पूर्ण रूपमा परिपालना गर्ने।

४. **रात्रिकालीन/पूर्ण समयमा व्यसाय सञ्चालन गर्न समय निर्धारण र अनुमति प्रदान गर्ने :** (१) व्यवसायीले रात्रिकालीन/पूर्ण समयमा व्यसाय सञ्चालन गर्दा समितिको सिफारिशमा स्थानीय प्रशासनले तोकेको समयमा मात्र सञ्चालन गर्नुपर्नेछ।

(२) कुनै पनि व्यवसायीले प्रशासनले तोकेको रात्रिकालीन समय बाहेकको समयमा व्यवसाय सञ्चालन गर्नुपर्दा जिल्ला प्रशासन कार्यालयमा आवश्यक कागजात संलग्न गरी निवेदन दिनुपर्दछ।

(३) दफा २ बमोजिम निवेदन प्राप्त भएपछि मापदण्ड पूरा भए/नभएको सन्दर्भमा अनुसूची-२ मा उल्लिखित सूचकहरुको आधारमा स्थलगत रुपमा अनुगमन गरी कुनै व्यवसाय वा एकै प्रकृतिका व्यवसाय भएका कुनै क्षेत्रमा अनुगमन प्रतिवेदनका आधारमा स्थानीय प्रशासनले रात्रिकालीन व्यवसाय सञ्चालन गर्न अनुमति दिन सक्नेछ र सोको अभिलेख जिल्ला प्रशासन कार्यालयमा रहनेछ।

५. **सेवाको उपलब्धता सम्बन्धी व्यवस्था:** रात्रिकालीन / पूर्ण समयमा मनोरञ्जनात्मक व्यवसाय सार्वजनिक सदाचार र नैतिकताको आधारभूत मूल्य र मान्यता प्रतिकूल नहुने गरी सञ्चालन गर्नुपर्नेछ र त्यस्ता व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनमा तोकिएका व्यवस्थाको अतिरिक्त देहायका शर्तको पालना गर्नुपर्नेछः-

क. सेवाप्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने जिम्मेवारी तथा दायित्व सबैले देख्न र पढ्न सक्ने गरी सूचना पाटीमा राख्नु पर्नेछ।

ख. कलाकारहरूले गायन तथा नृत्य प्रदर्शन गर्दा मौलिकता, संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्नुपर्नेछ र डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

ग. डान्स, रेष्टुरेन्ट एण्ड बार, दोहोरी, लाइभ ब्याण्ड, लाउन्ज बार, पब बार, क्लब र डिस्कोथेक जस्ता व्यवसायमा अठार वर्ष मुनिका बालबालिकाहरूलाई ग्राहकको रूपमा प्रवेश गराउन पाइने छैन।

घ. अठार वर्ष नपुगेका ग्राहकलाई सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्न पाइने छैन र धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र तोक्नु पर्नेछ।

ङ. सेवा लिएपश्चात् व्यवसायस्थलबाट घरसम्म पुर्‍याइदिन सेवाग्राहीले अनुरोध गरेमा व्यवसायीले सशुल्क सवारी साधनको व्यवस्था गरेको हुनुपर्नेछ।

६. **व्यवसायीको कर्मचारीप्रतिको दायित्वः** व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनका लागि नियुक्त कर्मचारी तथा कामदारलाई काममा लगाउँदा प्रचलित कानूनमा तोकिएको व्यवस्थाको अतिरिक्त देहायको दायित्व तथा कार्यको पालना गर्नुपर्नेछः-

क. आवश्यक पर्ने कर्मचारी तथा कामदारहरुलाई नियुक्तिपत्र दिएर मात्र काममा लगाउने।

ख. कानूनले निषेध गरेको बालश्रमिकको प्रयोग नगर्ने सुनिश्चितता गर्ने।

ग. नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नघट्ने गरी कर्मचारी तथा कामदारको योग्यता, क्षमता र पद अनुसार मासिक तलब तथा सेवा, सुविधाको व्यवस्था गर्ने साथै जोखिमपूर्ण काम भएमा जोखिम बीमाको समेत व्यवस्था मिलाउने।

घ. अतिरिक्त समयमा काम लगाउनुपर्दा समयावधिका आधारमा अतिरिक्त सुविधा दिने।

ङ. तलब, भत्ता तथा अन्य आर्थिक सुविधा बैंकिङ्ग प्रणालीमार्फत् उपलब्ध गराउने।

च. कर्मचारीलाई आलोपालो वा सिफ्टको व्यवस्था गरी काममा लगाउने।

छ. कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचारण निर्धारण गरी सोको पालना गर्ने व्यवस्था मिलाउने।

ज. कर्मचारी र कामदारको लागि परिचयपत्र तथा कार्य प्रकृति अनुसार उपयुक्त पोशाकको व्यवस्था गर्ने।

झ. कर्मचारी तथा कामदारको लागि रातिमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट (Pick up / Drop) र रातिको खानाको व्यवस्था गर्ने।

ञ. समान कामको लागि समान पारिश्रमिक प्रदान गर्ने सुनिश्चितता गर्ने।

ट. कर्मचारीको लागि बिदाको व्यवस्था गर्ने।

ठ. कार्यस्थलमा यौन शोषण, यौनजन्य हिंसा, लैंगिक हिंसा र दुर्व्यवहार नहुने वातावरण निर्माण भएको हुनुपर्ने।

ड. कर्मचारी तथा कामदारको गुनासो सुन्ने र त्यसको उचित सम्बोधन हुने व्यवस्था गर्ने।

**७. सरसफाई तथा स्वास्थ्य जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था:**

व्यवसायीले व्यवसाय सञ्चालन गरेको स्थलमा प्रचलित कानूनले तोकेका सरसफाई सम्बन्धी मापदण्डका अतिरिक्त देहायका कार्य समेत गर्नुपर्नेछः-

क. विभिन्न समयमा जारी भएका स्वास्थ्य मापदण्ड पालना हुने सुनिश्चितता गर्ने,

ख. महिला र पुरुषको लागि अलग-अलग लैङ्गिकमैत्री शौचालयको व्यवस्था गर्ने,

ग. ग्राहक कक्ष तथा भान्सामा झ्याल ढोका तथा भेन्टिलेशनको व्यवस्था भएको हुनुपर्ने,

घ. निर्मलीकरणको लागि उपकरण प्रयोग तथा त्यसलाई चालु अवस्थामा राख्ने प्रबन्ध मिलाउने,

ङ. स्टेजको नियमित सरसफाईको प्रबन्ध गर्नुपर्ने,

च. रुमाल लगायतका कपडाहरूको उचित सरसफाई गरिएको हुनुपर्ने,

छ. खाने परिकारहरू गुणस्तरीय, स्वच्छ, सफा र ताजा हुनुपर्नेछ।

**८. सुरक्षा सम्बन्धी व्यवस्था:** व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहायका सुरक्षासँग सम्बन्धित कार्यको व्यवस्था गर्नु/ गराउनु पर्नेछ:-

क. कार्यस्थलको प्रवेश र बहिर्गमन (Entry & Exit) तथा आसपासको सडक क्षेत्रसम्मको पहुँच हुने गरी सी.सी.टी.भी. को व्यवस्था र नियमानुसार त्यसको रेकर्ड सुरक्षित राख्नुपर्ने व्यवस्था गरिएको हुनुपर्ने,

ख. व्यवसायस्थल परिसरभित्र वरपर सडक क्षेत्रमा सवारी साधनको हर्न बजाउन नपाइने साथै Sound Control System जडान गरी ध्वनी प्रदूषण नियन्त्रण गर्ने उचित व्यवस्था भएको हुनुपर्ने,

ग. Live Music, Pub Dance club, Disco, दोहोरी आदिमा प्रयोग हुने उपकरणहरूलाई Sound Proof गर्ने उपाय अवलम्बन गरी ध्वनी प्रदुषण तथा होहल्ला नहुने व्यवस्था मिलाउने,

घ. व्यवसायस्थल परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटरसम्मको सडक र आसपासका क्षेत्रहरुमा आवश्यक मात्रामा बत्तीको व्यवस्था मिलाई आवतजावत गर्न सजिलो हुने प्रबन्ध मिलाएको हुनुपर्ने,

ङ. व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board मा राख्ने,

च. आवश्यकता अनुसार अग्नि नियन्त्रण (Fire Extinguisher) सामग्रीको व्यवस्था गरेको हुनुपर्ने,

छ. आन्तरिक सुरक्षाको लागि परिचयपत्र सहितको सुरक्षा गार्डको व्यवस्था मिलाएको हुनुपर्ने,

ज. आपत् परेको अवस्थामा आपतकालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाएको हुनुपर्ने,

झ. होटलमा कर्मचारी तथा कामदारको नियमित अभिलेख राख्ने व्यवस्था मिलाउने,

ञ. आफ्नो व्यवसायस्थलको बाहिरपट्टी भीडभाड नहुने गरी व्यवस्थापन गर्ने,

ट. छिमेकी एवम् आसपासको समुदायलाई कुनै असर नपर्ने र गुनासो नआउने गरी व्यवसाय सञ्चालन गर्ने,

ठ. नजिकको सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी आवश्यक परेका बखत सहयोग लिन सक्ने प्रबन्ध मिलाउने,

ङ. प्रचलित कानूनमा भएका व्यवस्था परिपालना गरी सार्वजनिक नैतिकता र शान्ति सुरक्षालाई सकारात्मक टेवा पुग्ने गरी व्यवसाय सञ्चालन गर्नुपर्ने,

ढ. विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

९. **व्यवसायीको श्रमजीवी महिलाप्रतिको दायित्व र आचार संहिताको पालना :** व्यवसायीले कार्यस्थलमा श्रमजीवी महिलामाथि यौन उत्पीडन, यौन शोषण र अमर्यादित व्यवहार हुन नदिन आचारसंहिताको पूर्ण पालना गर्नु/गराउनु पर्नेछ । व्यवसाय सञ्चालन गर्दा व्यवसायीको श्रमजीवी महिलाप्रतिको दायित्व देहाय बमोजिम हुनेछः-

क. सेवाग्राहीबाट श्रमजीवी महिलालाई यौन उत्पीडन, यौन शोषण र उनीहरुको मर्यादामा आँच पुग्ने काम कारवाही गरेमा वा गर्न लगाएमा त्यसबाट सुरक्षा प्रदान गर्ने/गराउने,

ख. श्रमजीवी महिलाको सुरक्षाको यथोचित प्रबन्ध गर्ने/गराउने,

ग. श्रमजीवी महिलाको लागि सुरक्षित कोठामा बच्चालाई स्तनपानको व्यवस्था गर्ने,

घ. श्रमजीवी महिलाको लागि सुरक्षित पोशाक परिवर्तन कक्ष (Changing Room) को व्यवस्था गर्ने,

ङ. श्रमजीवी महिला कर्मचारीले गरेको गुनासोको तत्काल समाधान गर्ने/गराउने,

च. रेष्टुरेन्ट, मसाज पार्लर, डान्सबार वा दोहोरी आदिमा कुनै सेवाग्राहीले प्रचलित कानून बमोजिम गर्न नहुने तथा सामाजिक मर्यादा विपरित कार्य गरेमा त्यस्तो सेवाग्राहीबाट श्रमजीवी महिलालाई बचाउन वा निजलाई त्यस्तो स्थानबाट निकाल्न सुरक्षा गार्डको व्यवस्था गर्नुपर्ने, मसाज पार्लरको ढोकामा चुकुल वा लक गर्न नपाउने।

छ. व्यवसाय सञ्चालकले प्रचलित श्रम सम्बन्धी कानून तथा अन्य कानूनको पालना गर्नु/गराउनु पर्नेछ ।

१०. **सेवाग्राहीले पालना गर्नुपर्ने आचरणः** सेवाग्राहीको रूपमा संलग्न हुने व्यक्तिले देहायका आचरण पालना गर्नुपर्नेछः-

क. श्रमजीवी कर्मचारी तथा कामदारहरुप्रति सम्मानजनक व्यवहार गर्ने,

ख. मादक पदार्थ सेवन गरी होहल्ला गर्न एवम् अभद्र व्यवहार गर्नु हुँदैन,

ग. यौन उत्पीडन, यौन शोषण तथा अमर्यादित व्यवहार गर्न वा गर्न लगाउने वा सोको दुरुत्साहन गर्न दिनु हुँदैन र

घ. कानूनले निषेधित गरेको अन्य कार्य गर्नु/गराउनु हुँदैन ।

११. **कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचरणः** व्यवसाय सञ्चालनको लागि नियुक्त कर्मचारी तथा कामदारले व्यवसायिक कार्यमा संलग्न हुँदा देहायका आचरणको पालना गर्नुपर्नेछः-

क. व्यवसायलाई मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि व्यवसाय सञ्चालकलाई सहयोग पुयाउने,

ख. व्यवसाय सञ्चालकबाट निर्धारण गरिएको पोशाक तथा उपलब्ध गराएको परिचय पत्र लगाउने.

ग. सेवाग्राहीहरूसँग शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गर्ने,

घ. आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने तथा सेवाग्राहीसँगै बस्न तथा खान नहुने,

ङ. एक आपसमा आवश्यक परेको बेलामा सहयोगको भाव राख्ने,

च. उत्तेजक पोशाक लगाई नृत्य गर्न, गीत गाउन नहुने,

छ. व्यवसायी सञ्चालकसँग आफ्ना गुनासोहरू मर्यादित, शिष्ट र सभ्य तरिकाबाट राख्ने तथा सामूहिक सौदावाजीको माध्यमबाट गुनासो व्यवस्थापनमा व्यवसायीलाई सहयोग गर्ने, र

ज. प्रचलित श्रम तथा अन्य कानूनमा भएका व्यवस्था पालना गर्ने/गराउने व्यवस्था मिलाउनुपर्नेछ।

१२. **व्यवसाय सञ्चालन गर्ने समय :**

(१) Live Music, Pub Dance club, Disco, Lounge Bar, मदिरा पसल, स्पा , दोहोरी साँझ तोकिएको मापदण्ड पालना गरी जिल्ला सुरक्षा समितिको बैठकबाट निर्धारण गरे बमोजिमको समयसम्म रातीको १२:00 बजेसम्म सञ्चालन गर्न सकिने छ।

(२) कुनै रात्रिकालीन व्यवसायीले पूर्णकालीन समयमा व्यवसाय सञ्चालन गर्न चाहेमा अनुसूची-१ बमोजिमको चेक लिष्ट र व्यवसाय सञ्चालनमा रहेको स्थानीय तह (वडा कार्यालय) को सिफारिश सहित जिल्ला प्रशासन कार्यालयमा आवेदन दिनुपर्नेछ। त्यस्ता आवेदन माथि समितिले आवश्यक छानबिन गरी रात्रिकालीन व्यवसायलाई पूर्ण समयमा सञ्चालनका लागि सुविधा प्रदान गर्ने स्वीकृतिका लागि जिल्ला सुरक्षा समितिसमक्ष सिफारिश गर्न सक्नेछ ।

१३. **अन्य व्यवस्था**: व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहायका व्यवसायिक कार्य समेत पालना गर्नुपर्नेछः-

क. प्रदान गर्ने सेवाको विवरण र सोको मूल्यसूची अनिवार्य रूपमा सबैले देख्ने स्थानमा राख्नुपर्ने,

ख. सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरू सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

ग. समय-समयमा कर्मचारी तथा कामदारलाई कामको सम्बन्धमा तालिम तथा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

घ. व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद नआउने गरी सञ्चालन गर्ने वातावरण बनाउने,

ङ. उपभोग्य बस्तु वा सेवाको तोकिएको भन्दा बढी मूल्य वा असाधारण मूल्य असूल गर्न नमिल्ने।

१४. **अनुगमन समिति सम्बन्धी व्यवस्था**: (१) यस मापदण्ड अनुसूची-१ बमोजिमको निवेदन अनुसार निरीक्षण गर्ने, दफा ४ बमोजिम सिफारिश गर्ने र यस मापदण्ड पालनाको लागि निरीक्षण तथा अनुगमन गर्न/गराउन देहायको जिल्लास्तरीय अनुगमन समिति रहनेछः-

क. प्रमुख जिल्ला अधिकारीले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - संयोजक

ख. जिल्ला समन्वय अधिकारी वा अधिकृत स्तरको प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालय - सदस्य

ग. प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय - सदस्य

घ. सशस्त्र प्रहरी नायब उपरीक्षक सशस्त्र प्रहरी बल, नेपाल - सदस्य

ङ. सम्बन्धित क्षेत्रको उद्योग वाणिज्य संघको प्रतिनिधि वा सम्बन्धित व्यवसाय संघको प्रतिनिधि - सदस्य

(२) समितिको बैठक तथा अन्य मापदण्ड समिति आफैले निर्धारण गर्नेछ।

(३) यस मापदण्डमा अन्यत्र उल्लेख भएका अनुगमन समितिका काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

क. समिति समक्ष परेको उजुरीको छानबिन गर्ने/गराउने,

ख. व्यवसाय सञ्चालन भएको ठाउँमा यस मापदण्ड र प्रचलित कानून विपरित काम भए/नभएको अनुगमन गर्ने/गराउने,

ग. सञ्चालित व्यवसायहरूको समय-समयमा आकस्मिक निरीक्षण गर्ने र त्यसरी निरीक्षण गर्दा यस मापदण्ड प्रतिकूल काम भैरहेको वा हुन लागेको वा हुन सक्ने आशंकाको विद्यमानता देखिएमा तत्काल त्यस्ता कार्यहरू नियन्त्रण गरी आवश्यक कारवाही प्रक्रिया शुरु गर्ने,

घ. श्रमजीवी महिला कार्यरत रहेको स्थानलाई थप व्यवस्थित र मर्यादित बनाउन आवश्यक निर्देशन दिने। त्यस्तो निर्देशनको पालना गर्नु सम्पूर्ण व्यवसायीको कर्तव्य हुनेछ,

ङ. व्यवसायमा कानून विपरितका कार्य भएको देखेमा वा तत्सम्बन्धमा कुनै उजुरी परेमा सो सम्बन्धमा आवश्यक छानविन एवम् कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने,

च. मापदण्ड पूरा नगरेका व्यवसायलाई यस मापदण्ड बमोजिमको सुविधाबाट बञ्चित गरिने छ।

**१५.उजुरी एवम् कारवाही :** (१) यस मापदण्ड बमोजिमा उल्लिखित निषेधित कार्यबाट कुनै श्रमजीवी पीडित भएमा वा पीडित हुने आशंका भएमा पीडित आफैले वा सोको बारेमा जानकारी प्राप्त गर्ने जोसुकैले दफा १४ बमोजिमको समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे, सुने, जानेको सम्पूर्ण कुरा खुलाई उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रहरी कार्यालयमा उजुरी परेमा सम्बन्धित प्रहरी कार्यालयले तत्काल पीडितको स्वास्थ्य एवम् सुरक्षाको प्रबन्ध गरी प्राप्त उजुरी उपर आवश्यक कारवाही अगाडि बढाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको उजुरीको कारवाही गोप्य हुनेछ र कुनै तथ्य प्रकाशन गर्नु परेमा अनुगमन समितिको अनुमतिमा परिवर्तित नामबाट मात्र प्रकाशित गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम उजुरी उपर छानविन गर्दा कर्मचारी वा कामदारउपर गर्न नहुने काम गरेको पाइएमा वा मापदण्ड पूरा गरेको नपाइएमा त्यस्तो कार्य रोक्न व्यवसायीलाई आवश्यक निर्देशन दिन सकिनेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ।

(५) व्यवसायीलाई सजाय/ कारबाही : माथि उल्लेखित व्यवसायीहरुले तोकिएका मापदण्ड पालना नगरेमा यस मापदण्डमा उल्लेखित सुविधाबाट बञ्चित गरिने र कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम थप कारबाही समेत गरिनेछ।

(६) व्यवसायले मापदण्ड पालना नगरेको गुनासो दफा १४ बमोजिमको समितिले छानविन गरी आवश्यक निर्णय लिनेछ।

(७) यस मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले समय समयमा अनुगमन गरी आवश्यक कारबाही अगाडि बढाउनेछ।

**१६.उपसमिति गठन गर्न सक्नेः** समितिले यस मापदण्डको पालना गराउने तथा उजुरी छानबिन गर्ने प्रयोजनका लागि आवश्यकतानुसार समितिका सदस्यहरूमध्येबाट उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको कार्य क्षेत्रगत शर्त समितिले तोके बमोजिम हुनेछ।

**१७.अधिकार प्रत्यायोजन गर्न सक्नेः** समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा उपसमिति बनाई प्रत्यायोजन गर्न सक्नेछ।

**१८.अनुगमन गर्नुपर्नेः** समितिले अनुगमन गर्दा अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित सूचकहरुको आधारमा गर्नुपर्नेछ।

**१९. निर्देशन दिन सक्नेः** जिल्ला सुरक्षा समिति वा प्रमुख जिल्ला अधिकारीले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्ने समितिको कर्तव्य हुनेछ।

**२०. प्रचलित कानून बमोजिम हुनेः** यो मापदण्डमा व्यवस्था गरिएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**२१. कारवाहीमा असर नपर्नेः** यो मापदण्डमा लेखिएका कुराहरूले पीडित पक्षले प्रचलित कानून बमोजिम कारवाही चलाउन पाउने कुरामा असर पार्ने छैन।

# अनुसूची १

## दफा ४(२), दफा १३ (१) र दफा १७ (१) सँग सम्बन्धित

## अनुगमन सूचक सहितको निवेदन फाराम

व्यवसाय सञ्चालकको फोटो

**व्यवसायको नाम** ..................................................

**ठेगाना** ..................................................

**सञ्चालकको नाम** ..................................................

**रात्रिकालीन व्यवसाय सञ्चालनका लागि अनुमति लिएको मिति** ..................................................

**व्यवसायको दर्ता मिति** ..................................................

**व्यवसाय नवीकरण मिति** ..................................................

**स्थायी लेखा नं** ..................................................

**जारी गर्ने निकाय** ..................................................

**इजाजतको किसिम** ..................................................

| क. व्यवसाय दर्ता सम्बन्धमा | | | | |
|---|---|---|---|---|
| क्र.सं | विवरण | भएको | नभएको | कैफियत |
| १. | व्यवसायको प्रकृति अनुसार सम्बन्धित निकायमा दर्ता | | | |
| २. | सम्बन्धित निकायबाट अनुमति लिएको / नलिएको | | | |
| ३. | स्थानीय प्रशासनलाई व्यवसाय सञ्चालनको जानकारी दिएको/ नदिएको | | | |
| ४. | व्यवसाय नियमानुसार नवीकरण | | | |
| ५. | व्यवसाय प्यान/भ्याटमा दर्ता | | | |
| ६. | कुनै किसिमको राजस्व तिर्न बाँकी | | | |
| ७. | रात्रिकालीन मनोरञ्जन तथा व्यवसाय सञ्चालन गर्न अनुमति लिएको /नलिएको | | | |

| | | | | |
|---|---|---|---|---|
| ८. | व्यवसाय सञ्चालनका लागि तोकिएको उद्देश्य भन्दा अलग प्रकृतिको व्यवसाय सञ्चालन गरेको / नगरेको | | | |

**ख. व्यवसाय सञ्चालनको समय र अनुमती सम्बन्धमा**

| क्र.सं | विवरण | गरेको | नगरेको | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय प्रशासनले निर्धारण गरेको समयमा व्यवसाय सञ्चालन | | | |
| २. | सरकारले जारी गरेको स्वास्थ्य कार्यविधि सम्बन्धी व्यवस्था पालना | | | |

**ग. सेवाको उपलब्धताको अवस्था**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | सेवा प्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने दायित्व सूचना पार्टीमा सबैले सजिलै देख्ने र पढन सक्ने गरी राखे/ नराखेको | | | |
| २. | कलाकारहरुले गाउने तथा नृत्य कलाकारिता प्रदर्शन गर्दा मौलिक, सस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्ने व्यवस्था | | | |
| ३. | स्वदेशी तथा विदेशी पर्यटक/पाहुनाहरुलाई मनोरञ्जन प्रदान गरी आर्थिक बृद्धिमा टेवा पुऱ्याउने गरी व्यवसाय सञ्चालन गरेको / नगरेको | | | |
| ४. | डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वास्थ्य मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाएको/ नमिलाएको | | | |
| ५. | डान्स, रेष्टुरेन्ट एण्ड बार, लाईभ ब्याण्ड, लाउन्ज बार, पबबार,क्लब र डिस्कोथेक जस्ता व्यवसायमा १८ बर्ष मुनिका बालबालिकाहरुलाई ग्राहकको रुपमा प्रवेश गराएको / नगराएको | | | |
| ६. | १८ बर्ष मुनिका ग्राहकलाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको / नगरेको | | | |
| ७. | धुम्रपान तथा सूर्ती सेवन नगर्ने व्यक्तिहरुलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ती सेवन गर्ने प्रयोजनका लागि छुट्टै स्थान/ क्षेत्र (Smoking Zone) तोकेको / नतोकेको | | | |
| ८. | व्यवसायको निर्धारित मूल्यसूची विपरित अनावश्यक रुपमा बिलिङ्ग गरी ग्राहकलाई गैरकानूनी रुपमा दुःख दिने गरेको/नगरेको | | | |
| ९. | सेवा लिए पश्चात व्यवसाय स्थलबाट घरसम्म पुऱ्याइदिन ग्राहकले अनुरोध गरेकोमा व्यवसायीसँग सशुल्क सवारी साधनको व्यवस्था गरिएको / नगरिएको | | | |
| १०. | सवारी साधन आवत जावतमा अवरोध नहुने गरी ग्राहकको संख्याको आधारमा पार्किङ्ग तथा सहज आवागमनको व्यवस्था मिलाइएको / नमिलाइएको | | | |

**घ. कर्मचारी सम्बन्धी व्यवस्था**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारीहरुलाई नियुक्ति पत्र दिएको / नदिएको | | | |
| २. | कामदार कर्मचारीहरुको योग्यता, क्षमता र पद अनुसार व्यवसायी र पेशाकर्मी /कर्मचारी बीचको सम्झौता बमोजिम मासिक पारिश्रमिकको व्यवस्था गरेको/ नगरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. | नेपाल सरकारबाट तोकिएको समयभन्दा बढी काम लगाएको / नलगाएको | | | |
| ४. | अतिरिक्त समय काम गर्नुपर्दा अतिरिक्त सुविधा दिएको/ नदिएको | | | |
| ५. | नेपाल सरकारले तोकेको न्यूनतम तलब उपलब्ध गराएको / नगराएको | | | |
| ६. | तलब सेवा सुविधा नियमित रुपमा उपलब्ध गराएको / नगराएको | | | |
| ७. | तलब सेवा सुविधा उपलब्ध गराउँदा बैकिङ्ग प्रणाली प्रयोग भएको / नभएको | | | |
| ८. | कर्मचारी कामदारको जोखिम बिमाको व्यवस्था गरेको / नगरेको | | | |
| ९. | समान कामको लागि समान पारिश्रमिक प्रदान गरेको / नगरेको | | | |
| १०. | कार्मचारीको लागि विदाको व्यवस्था भएको / नभएको | | | |

**ङ. पेशागत आचारण सम्बन्धी**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारीको लागि कार्य प्रकृति अनुसार पोशाकको व्यवस्था भएको / नभएको | | | |
| २. | कर्मचारीको लागि रातिमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट (Pick up/Drop) को व्यवस्था भएको / नभएको | | | |
| ३. | रातिमा काम लगाएका कर्मचारीहरुलाई राति खानाको व्यवस्था भएको / नभएको | | | |
| ४. | महिला कर्मचारी तथा कामदारको बालबालिकालाई स्तनपान गराउने कक्षको व्यवस्था भएको / नभएको | | | |
| ५. | महिला कर्मचारीको लागि सुरक्षित पोशाक परिवर्तन कक्ष (Changing Room ) को व्यवस्था भएको / नभएको | | | |

**च. सरसफाई सम्बन्धी व्यवस्था**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कर्मचारी तथा कामदारले स्वास्थ्य कार्यविधि पालना गरेको / नगरेको | | | |
| २. | शौचालयको नियमित सरसफाई गरेको / नगरेको | | | |
| ३. | महिला र पुरुषको लागि भिन्दाभिन्दै शौचालयको व्यवस्था भएको / नभएको | | | |
| ४. | भवन परिसरको सरसफाई भएको / नभएको | | | |
| ५. | ग्राहक कक्ष तथा भान्सामा झ्याल ढोका तथा भेन्टिलेशनको व्यवस्था भएको / नभएको | | | |
| ६. | फोहोरमैलाको उचित व्यवस्थापन भएको / नभएको | | | |
| ७. | स्टेजको नियमित सरसफाईको प्रवन्ध भएको / नभएको | | | |
| ८. | टेबुल, कुर्चीं र रुमाल लगायतका फर्निचर एवम् कपडाहरुको उचित सरसफाई भएको / नभएको | | | |
| ९. | खाने परिकारहरु गुणस्तरीय, स्वच्छ, सफा र ताजा भएको / नभएको | | | |

**छ. सुरक्षा सम्बन्धी व्यवस्था**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | कम्तिमा ३ महिनाको रेकर्ड राख्ने व्यवस्था सहितको सि.सि.टि.भि. को व्यवस्था भएको / नभएको | | | |
| २. | ध्वनि प्रदूषण नियन्त्रण गर्न उचित व्यवस्था गरेको / नगरेको | | | |
| ३. | Live Music, Pub Dance club, Disco, Dohori आदिमा प्रयोग हुने उपकरणहरुलाई Sound Proof गर्ने उपाय अबलम्बन गरेको / नगरेको | | | |
| ४. | व्यवसाय परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तिमा १०० मिटर सम्मको क्षेत्रमा आवश्यक मात्रामा बत्तीको व्यवस्था भएको / नभएको | | | |
| ५. | व्यवसायको नाम, ठेगाना उल्लेख गरी सजिलै देख्ने सकिने ठाँउमा डिजिटल डिस्प्ले वोर्ड (Digital display Board ) राखेको / नराखेको | | | |
| ६. | अग्नी नियन्त्रण (Fire Extinguisher) सामग्रीको व्यवस्था गरेको / नगरेको | | | |
| ७. | आन्तरिक सुरक्षा व्यवस्थाका लागि सुरक्षा गार्डको व्यवस्था भएको / नभएको | | | |
| ८. | आपतकालीन द्वारको व्यवस्था भएको / नभएको | | | |
| ९. | कर्मचारी कामदार तथा सेवाग्राहीको अभिलेख राख्ने गरेको / नगरेको | | | |
| १०. | नजिकको सुरक्षा निकायसँग सम्पर्क समन्वय भएको / नभएको | | | |

**ज. अन्य व्यवस्था**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | मूल्यसूची राखेको / नराखेको | | | |
| २. | व्यवसायी आफुले सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरु सबैले देख्ने ठाँउमा राखेको / नराखेको | | | |
| ३. | समय समयमा कर्मचारी र कामदारलाई काम सम्बन्धी तालिम प्रशिक्षण दिने गरेको /नगरेको | | | |
| ४. | व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद भएको / नभएको | | | |
| ५. | आचार संहिताको पालना भएको / नभएको | | | |
| ६. | विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था भएको / नभएको | | | |

**झ. सेवाग्राहीले पालना गर्नुपर्ने आचरण**

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | श्रमजीवी कर्मचारी तथा कामदारहरुप्रति सम्मानजनक व्यवहार गरेको / नगरेको | | | |
| २. | मादक पदार्थ सेवन गरी होहल्ला गर्ने एवम् अभद्र व्यवहार गरेको / नगरेको | | | |
| ३. | यौन उत्पीडन यौन शोषण तथा अमर्यादित व्यवहार गर्न वा गर्न लगाउने वा सो को दुरुत्साहन गरेको / नगरेको | | | |
| ४. | कानूनले निषेधित गरेको अन्य कार्यहरु गरेको / नगरेको | | | |

**ञ. कर्मचारी तथा कामदारले पालना गर्नु पर्ने आचारण पालना**

खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी

| क्र.सं | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | व्यवसायलाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न व्यवसाय सञ्चालकलाई सहयोग पुऱ्याएको / नपुऱ्याएको | | | |
| २. | व्यवसाय सञ्चालकबाट निर्धारण गरिएको पोशाक तथा परिचयपत्र लगाएको / नलगाएको | | | |
| ३. | सेवाग्राहीहरुसँग शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गरेको / नगरेको | | | |
| ४. | आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने तथा सेवाग्राही सँगै बस्ने तथा खाने गरेको / नगरेको | | | |
| ५. | एक आपसमा सहयोगको भाव भएको / नभएको | | | |
| ६. | उत्तेजक पोशाक लगाई नृत्य तथा गीत गाउने गरेको / नगरेको | | | |
| ७. | प्रचलित श्रम तथा अन्य कानूनमा भएकोका व्यवस्थाको पालना भएको / नभएको | | | |

**संचालकको नामथर :** **अनुगमन कर्ताको नाम थर :**

**हस्ताक्षर** **हस्ताक्षर :**

अनुसूची-२

(मस्यौदा तयारी समिति)

रात्रिकालीन/पूर्ण समयमा होटल तथा मनोरञ्जनात्मक व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८१, तयारी समितिः

| | | |
|---|---|---|
| स.प्र.जि.अ श्री जोरा सिंह माझी | संयोजक | जिल्ला प्रशासन कार्यालय, बाँके । |
| प्र.नि. श्री हिमराज बि.क. | सदस्य | जिल्ला प्रहरी कार्यालय, बाँके । |
| स.प्र.नि. श्री योगेन्द्र शाही | सदस्य | ३० नं. गण हे.क्वा. बागेश्वरी, बाँके । |
| अ.अ. श्री सुमन कुमार भण्डारी | सदस्य | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, बाँके । |
| अध्यक्ष- श्री गजेन्द्र शाही | सदस्य | दोहोरी व्यवसायी संघ, बाँके । |
| ना.सु. श्री बेदेश्वर गौतम | सदस्य-सचिव | जिल्ला प्रशासन कार्यालय, बाँके । |